"शिक्षा, स्वास्थ्य, पर्यटन तथा व्यापारिक पूर्वाधार: बहुसांस्कृतिक, आवासीय समृद्ध शहर"
# धरान उपमहानगरपालिका
## DHARAN SUB-METROPOLITAN CITY
## नगर कार्यपालिकाको कार्यालय
## OFFICE OF THE MUNICIPAL EXECUTIVE
धरान, सुनसरी, नेपाल
**Dharan, Sunsari, Nepal**

पत्र सख्यां : (१)१।१।११।०८०।८१
चलानी नं. : ८८

मिति: २०८०।०४।०४

**श्री १ देखि २० नं. वडा कार्यालयहरु**
**धरान**

विषय: **सडक किनारमा आफुखुशी निर्माण गरिने र्‍याम्प नियन्त्रण गर्ने सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा धरान उपमहानगरपालिका क्षेत्रभित्र सडक किनारबाट फुटपाथ वा ड्रेन हुँदै आ-आफ्नो घर वा पसलमा मोटरसाइकल वा मोटरगाडी जस्ता सवारी साधन लानका लागि कुनै मापदण्ड बिनै आफुखुशी ढलाई गरी र्‍याम्प बनाउने गरेको र त्यसरी बनाइएको र्‍याम्पले सडक किनारमा बनाइएका टिक ड्रेनमा पानी बग्न अवरोध गरी सडकमै पानी बग्नाले सडकलाई क्षति पुग्ने तथा हेर्दा पनि नराम्रो देखिने तथ्यलाई मध्यनजर गर्दे त्यस्ता र्‍याम्प बनाउनु परेमा सम्बन्धित वडा कार्यालयमा भएका प्राविधिकहरुको उपस्थितिमा तपसील बमोजिम मात्र बनाउन लगाउने व्यवस्था मिलाउन हुन जानकारी गराइन्छ ।

१. टिक ड्रेनमा पानी बग्न अवरोध नहोस् भन्ने हेतुले ६ इन्चको Heavy Duty HDPE Pipe अथवा GI Pipe लगाएर मात्र र्‍याम्प निर्माण गर्ने ।

२. दुई पांग्रे सवारी साधन चढाउनका निम्ती Ramp को चौडाई बढीमा १२ इन्च भन्दा बढी निर्माण गर्न नपाइने ।

३. चार पांग्रे सवारी साधन चढाउनका निम्ती Ramp को चौडाई एउटा Rampको बढीमा १२ इन्चमा नबढाई दुई वटा (गाडी गुड्ने चक्का पर्ने स्थानमा) भन्दा बढी निर्माण गर्न नपाइने ।

४. तीन पांग्रे सवारी साधन चढाउनका निम्ती Ramp को चौडाई एउटा Rampको बढीमा १२ इन्चमा नबढाई तीन वटा (गाडी गुड्ने चक्का पर्ने स्थानमा) भन्दा बढी निर्माण गर्न नपाइने ।

५. चार पांग्रे मालगाडी सवारी साधन चढाउनका निम्ती Ramp को चौडाई एउटा Rampको बढीमा १८ इन्चमा नबढाई दुई वटा (गाडी गुड्ने चक्का पर्ने स्थानमा) भन्दा बढी निर्माण गर्न नपाइने ।

६. Ramp निर्माण गर्दा सिमेन्ट ढलाईको मसला M20 भन्दा कमको निर्माण गर्न नपाइने ।

७. Ramp निर्माण गर्दा सडकको टिक ड्रेनको स्थानमा कालोत्रे सडकलाई असर नपर्ने हिसाबले निर्माण गर्ने । RCC, ग्राभेल र इन्टरलक ब्लकको सडकको हकमा बढीमा ८ इन्च लम्बाईको Ramp निर्माण गर्ने ।

८. Ramp मुनि राखिएको पाइपमा फोहोर जमेर पानीको बहाबमा अवरोध भए सम्बन्धित घरधनीले उक्त पाइप सफा गर्ने प्रबन्ध मिलाउने ।

..................................
हर्कराज राई
नगर प्रमुख